**मधेश प्रदेश सरकार**

# खेलकुद तथा समाज कल्याण मन्त्रालय

**जनकपुरधाम, धनुषा**

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८३/०६/२८**

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत प्राकृतिक विपद्‌बाट हुने जोखिम विरुद्ध घर/आवास सुरक्षा बीमा कार्यक्रम तथा प्रदेशका नागरिकको जीवन रक्षा र सामाजिक सुरक्षाको लागि दुर्घटना बीमा कार्यक्रम रहेको छ। सो बीमा कार्यक्रम सञ्चालन गर्न तपसिल बमोजिमका शर्तको अधीनमा रही इच्छुक बीमा कम्पनीहरू सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसील**

- मधेश प्रदेशभित्रका कम्तीमा १७,५०० घर/आवासको प्राकृतिक विपद् विरुद्धको घर/आवास सुरक्षा बीमा र ५,००० व्यक्तिको दुर्घटना बीमा गर्नुपर्नेछ।
- सहमति बमोजिमको बीमा रकम बीमा कम्पनीले प्रदान गर्नुपर्नेछ।
- क्षति भएका घरधुरी वा लाभान्वित व्यक्तिले पाउनुपर्ने रकम यथाशीघ्र सहज रूपमा EFT (Electronic Fund Transfer) माध्यमबाट उपलब्ध गराउनुपर्नेछ।
- बीमा कम्पनी नेपाल सरकारबाट मान्यता प्राप्त हुनुपर्नेछ।
- प्रचलित कानून अनुसार कम्पनी/संस्था नियमित हुनुपर्नेछ।
- बीमा प्रक्रिया, विपद् प्रभावित परिवार तथा दुर्घटना बीमा अन्तर्गत प्रदान गरिने बीमा रकम र बिमा शुल्क सहितको विस्तृत प्रस्ताव पेस गर्नुपर्नेछ।
- यस बीमा कार्यक्रम बारेमा थप स्पष्टता आवश्यक भए मन्त्रालयमा सम्पर्क राख्नुपर्नेछ।
- अन्य कुरा प्रचलित कानूनबमोजिम हुनेछ।
- यस सम्बन्धी केही द्विविधा सिर्जना भएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।
- यो बीमा कार्यक्रममा समेटिने घर धुरी तथा नागरिक सम्बन्धी अन्य विवरण र सर्त मन्त्रालयको "प्रदेशका नागरिकहरूको जिवन रक्षा र सामाजिक सुरक्षाको लागि प्राकृतिक विपद् जोखिम विरुद्धको घर आवास बीमा तथा दुर्घटना बीमा कार्यविधि २०८३" बमोजिम हुनेछ।

**# बीमा कार्यविधि २०८३**

**# गोरखापत्रमा प्रकाशित सूचना**